
# सान्नी त्रिवेणी गाउँपालिकाको

## ठोस फोहोर व्यवस्थापनको विस्तृत कार्यविधी



Scanned with CamScanner

# सान्नी त्रिवेणी गाउँपालिका, कालिकोटको ठोस फोहोर व्यवस्थापनको विस्तृत कार्यविधी

**१ प्रस्तावना**

सान्नी त्रिवेणी गाउँपालिकामा ठोस फोहोरको उचित व्यवस्थापन गर्नका लागि व्यवस्थित र दीर्घकालीन प्रक्रिया आवश्यक छ। फोहोर व्यवस्थापनले गाउँपालिकाको सरसफाइ, जनस्वास्थ्य र वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ। यस प्रक्रियाले फोहोर संकलन, वर्गीकरण, पुनः प्रयोग, पून-प्रशोधन र सुरक्षित निष्पादनका चरणहरू समेट्छ।

**२. उद्देश्य**

- स्वच्छ र स्वस्थ वातावरणको सिर्जना गर्ने,
- ठोस फोहोरको व्यवस्थापनद्वारा प्रदूषण न्यूनीकरण गर्न,
- फोहोरबाट पुनः प्रयोग र पून-प्रशोधनद्वारा स्रोतको उपयोग,
- समुदायको फोहोर व्यवस्थापन प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्नु।

**३. फोहोरको वर्गीकरणः फोहोरलाई वर्गीकरण गरेर व्यवस्थापन गर्दा सजिलो र प्रभावकारी हुन्छः**

**प्रमुख वर्गीकरणहरूः**

- जैविक फोहोरः खाद्य वस्तु, घाँस, बोटबिरुवा र अन्य जैविक पदार्थ,
- अजैविक फोहोरः प्लास्टिकजन्य, कागज, धातु, सिसा आदि,
- बिषाक्त फोहोरः ब्याट्रीजन्य, औषधिजन्य फोहोर, रासायन फोहोर,
- निर्माण तथा विध्वंस फोहोरः इँटा, सिमेन्ट, बालुवा, ढुंगा आदि।

**४. फोहोर संकलन र ढुवानी प्रक्रियाः**

- घरायसी संकलनः हप्तामा एक पटक सबै घरहरुबाट फोहोर संकलन गर्नका लागि स्थानीय स्वयंसेवक र सरसफाइ कर्मचारीहरु परिचालन गर्ने,
- सङ्कलन केन्द्रहरूः वडास्तरमा सङ्कलन केन्द्रहरू निर्माण गरी त्यहाँबाट डम्पिङ साइटसम्म फोहोर ढुवानी व्यवस्था मिलाउने,
- घरधुरी स्तरबाट फोहोर संकलन प्रक्रियाः नन-बायोडिग्रेडेबल फोहोरका लागि छुट्टै झोलाको व्यवस्था गराउने,
- वडाको संकलन केन्द्रबाट ढुवानीका साधनहरूः फोहोर ढुवानीका लागि आवश्यकतानुसार, ठाउँ अनुसार, मानव संसाधन, ट्याक्टर वा सुरक्षित गाडी प्रयोग गर्ने।

**५. डम्पिङ साइट व्यवस्थापनः**

- साइट चयनः डम्पिङ साइट पर्यावरणीय मापदण्ड अनुरूप, आवास क्षेत्रबाट टाढा र पानीको स्रोतबाट टाढा र उचित जलनिकासको व्यवस्था सहित भएको सुनिश्चित गर्ने,
- सुरक्षा व्यवस्थापनः डम्पिङ साइटलाई तारबारले घेराबन्दी गर्ने,
- फोहोरको व्यवस्थापनः अजैविक फोहोरलाई छुट्टै राख्ने,
- रेगुलर कभरिङः फोहोरबाट हुने दुर्गन्ध र रोग संक्रमण नियन्त्रण गर्न नियमित रूपमा माटो वा बालुवाले ढाक्ने व्यवस्था मिलाउने,
- अनुगमन र सुधारः डम्पिङ साइटको नियमित अनुगमन गरी आवश्यक सुधार गर्दै जाने।

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष

Scanned with CamScanner

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

६. पुनः प्रयोग र पुनः पून-प्रशोधन

- रिसाइकलिङः कागज, प्लास्टिक, धातु र सिसाजन्य फोहोराहरुलाई पूनःप्रयोग, पून-प्रशोधन गर्ने जस्ता व्यवस्था मिलाउने,
- नन डिग्रेडेबल तथा नन् सिसाइक्लेबल फोहोरहरुलाई उचित तवरले विसर्जनको व्यवस्था मिलाउने जस्तै सुरक्षित स्थानमा खाडल खनी गाड्ने आदि,
- रिफ्युज रिडक्शनः फोहोर उत्सर्जन कम हुने खालको उपायहरू अवलम्बन गर्ने, जस्तैः प्लास्टिकको सट्टा कपडा झोला प्रयोग गर्न उत्साहित गर्ने आदि ।

७. जनचेतना र सामुदायिक सहभागिताः

- सचेतना कार्यक्रमः स्थानीय तह/सरकारको नेतृत्वमा विद्यालय, टोल र समुदायमा स्थानीय फोहोर व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम/क्रियाकलापहरु सञ्चालन गर्ने,
- समुदाय सहभागिताः फोहोर व्यवस्थापन अभियानमा स्थानीय क्लब, महिला समूह र युवा समूहहरुको सहभागीताको जोड दिने,
- टोल समितिः प्रत्येक टोलमा फोहोर व्यवस्थापन समितिहरू गठन गरी नियमित सरसफाइ कार्यमा सहभागिता गराउने ।

८. नियम र दण्ड व्यवस्थापनः

- फोहोर व्यवस्थापन नियमहरूः फोहोरलाई वर्गीकरण गरी राख्ने र निर्धारित स्थानमा मात्र फोहोर फाल्नुपर्ने,
- दण्ड व्यवस्थापनः फोहोरको उचित व्यवस्थापन नगर्ने वा अव्यवस्थित रूपमा फोहोर फाल्नेहरूलाई दण्ड तथा जरिवानाको व्यवस्था गर्ने र स्थानीय सरकारबाट त्यसको नियमन गर्ने ।

९. अनुगमन र मूल्याङ्कन

- नियमित अनुगमनः वडा तहबाट वडा स्तरको फोहोर संकलन केन्द्रसम्म हुने क्रियाकलापहरु जस्तै घरधुरी स्तरबाट गरिने वर्गीकरण, वडा स्तरीय संकलन केन्द्रसम्मको संकलन जस्ता क्रियाकलापहरुको नियमित अनुगमन गर्ने,
- नियमित अनुगमनः पालिका तहबाट वडा तहको फोहोर संकलन केन्द्रमा संकलित फोहोरलाई डम्पिङ साइट सम्म ढुवानी तथा साइटमा गरिने क्रियाकलापहरु जस्तैः कम्पोष्ट मल बनाउने प्रक्रिया, रिसाइकलको प्रक्रिया तथा सो को खपत जस्तो सम्पुर्ण क्रियाकलापहरुमा व्यवस्थापन तथा अनुगमन गर्ने,
- नियमित अनुगमनः पालिका स्तरमा भएका सरोकारवाला तथा सहयोगी निकायहरुबाट उपरोक्त व्यवस्थापन प्रक्रियामा आवश्यक समन्वय, सहकार्य, श्रोत पहिचान तथा जिम्मेवार निकायहरुबाट जिम्मेवारी अनुरुप कार्यहरु भए नभएको अनुगमन तथा सुझाव प्रदान गर्ने,
- मूल्याङ्कनः पालिका स्तरका फोहोर व्यवस्थापन सम्बन्धी सरोकारवाला निकायहरुको सहभागितामा प्रत्येक वर्ष फोहोर व्यवस्थापन प्रक्रियाको समीक्षा गरी आवश्यक सुधारको योजना बनाउने,
- प्रतिवेदन तयार गर्नेः स्थानीय तहले अनुगमन र मूल्याङ्कनको एवं सरोकारवाला निकायहरुकाट सुझावहरुको आधारमा प्रतिवेदन तयार गरी अगामी योजनाको मस्यौदा तयार गर्ने ।

१०. वित्तीय व्यवस्थापन

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

- फोहोर व्यवस्थापन शुल्क: पालिका तथा वडा तहको समन्वयमा प्रत्येक घरपरिवारबाट फोहोर व्यवस्थापन वापत न्यूनतम शुल्क मासिक रु १००।- संकलन गरी मुख्य खातामा जम्मा गर्ने व्यवस्था मिलाउने,
- अनुदान र सहयोग: सरकार, गैरसरकारी संस्था र अन्य दातृ निकायहरूसँग समन्वय गरी फोहोर व्यवस्थापनमा आर्थिक सहयोग प्राप्त गर्ने ।

## ११. निष्कर्ष

सान्नी त्रिवेणी गाउँपालिकाको ठोस फोहोर व्यवस्थापन प्रक्रियाले दीर्घकालीन रूपमा वातावरण, स्वास्थ्य र सामाजिक हितको प्रवद्धन गर्दछ । फोहोर व्यवस्थापनमा सबैको सहभागिता, नियमित अनुगमन र सुधारात्मक कदमहरूले मात्र सफल परिणाम प्राप्त गर्न सकिन्छ ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

Scanned with CamScanner